अभियान लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय पनौती, काभ्रे

आ.व. ०८२।०८३ को

आन्तरीक लेखापरिक्षण

शाखा कार्यालय चक्रघट्टि

निरीक्षण टोली

श्री इन्द्र प्रसाद पाण्डे र श्री रामपुकार कुशवाहा

लेखा परिक्षण मिति २०८२/०८/१८ देखि २०८२/०८/२१ सम्म

कारोवार जाँच गरेको कारोवार मितिः २०८१/०७/०१ देखि २०८२/०६/३१ सम्म

शाखाको परिचय :

यस अभियान लघुवित्त वित्तीय संस्था लिमिटेड शाखा कार्यालय चक्रघट्टि सुनसरी जिल्ला, बराहक्षेत्र नगरपालिका वार्ड नं. ०८ ,चक्रघट्टिमा अवस्थित शाखा कार्यालय चक्रघट्टि २०७६ साल ०८ महिना ०९ गते शाखा स्थापना भई, हालसम्म १ वटा जिल्ला र १ वटा नगरपालिकामा वित्तीय कारोबार संचालनमा रहेकोमा केन्द्र ५९ वटा मार्फत सदस्य ५७५ जनालाई लघुवित्त वित्त सेवा प्रवाह गर्दै आएको छ , साथै हाल शाखामा देहाय बमोजिमका कर्मचारीहरु रहेका छन् ।

क.सं.	कर्मचारीको नाम	पद	जिम्मेवारी	ठेगाना	मोवाइल नं.	कैफियत
1	पार्वती गुरुङ	वरिष्ठ सहायक	शाखा प्रमुख	धरान, ११-सुनसरी	9808846586	
2	मनिषा कुमारी माझि	सहायक	लेखापाल	ग्रामथान ०५, सुखचर- मोरङ	9812330228	
3	निशा सरदार	कनिष्ठ सहायक	फिल्ड सहायक	तेतरीया-०७	9811021951	

कैफियतहरुको सारांश विवरण

क.स.	कैफियतहरु
1=	सबै सदस्यलाई पासवुक वितरण नगरिएको, दिइएको सदस्यहरुको पासवुकमा पनि पुर्ण विवरणहरु नभरिएको ।
2=	कर्जा सदुपयोगिता समयमै नगरिएको, मौसमि कर्जाको अधिकांश सदुपयोगिता निरिक्षण नभएको ।
3=	कर्जा भुक्तानी तालिकामा सदस्यको दस्तखत अधिकांशमा नरहेको
4=	कर्जा लगानी फाइलमा कर्जा तथा वचत नितिमा उल्लेख भएका अनुसार अनिवार्य रुपमा संलग्न गर्नुपर्ने कागजातहरु समेत संलग्न नगरिएको ।(कवुलियतनामा, कर्जा स्विकृत पत्र, पारीवारीक सहमति पत्र आदी)
5=	कर्मचारी वैठकमा आवश्यक विषयवस्तुहरु र विवरणहरु उल्लेख नगरिएको ।
6=	केवाइसिमा समुह मान्यता परिक्षण फारम ,राष्ट्रिय परिचयपत्र संलग्न नहनुको साथै विवरणहरु अपुर्ण रहेको पाइयो ।
7=	वित्तीय साक्षरता तथा सदस्यलाइ आवश्यक पर्ने कुनै पनि तालिमहरु सञ्चालन नगरेको ।
8=	सुझाव पेटिका नरहेको ।
9=	केहि स्थिर सम्पत्तिमा कोडिङ अस्पष्ट रहेको ।
10=	केहि बचत फिर्ता वचत फिर्ता भरपाई विना गरिएको ।
11=	कतिपय कर्जा लगानी गर्दा धनजमानीको रुपमा सोहि केन्द्रमा आवद्ध भएका सदस्यहरुलाई गराउने गरिएको, धनजमानीको नागरिकताको फोटोकपि र फोटो कपिपय कर्जा लगानी फाइलमा संलग्न नरहेको पाइयो ।
12=	फिल्ड कर्मचारीहरुलाई तालिमको कमि रहेको पाइयो , सामान्य विषयवस्तुहरु जस्तै, कर्मचारी प्रतिज्ञा, पासवुक भर्ने तरीका, केन्द्र वैठक सञ्चालन प्रकृया, संस्थाको कर्जा तथा वचत निति पनि प्रस्ट रुपमा वताउन नसक्ने अवस्था देखिएको ।
13=	केन्द्र सञ्चालन प्रकृया कमजोर रहेको ।
14=	केहि कर्जा लगानी तमसुकमा उल्लेख गरिएको कर्जाको भाखा अवधि र सिस्टममा प्रविष्टि भएको भाखा अवधि फरक रहेको ।

क) जनशक्ति व्यवस्थापन तथा तालिम विभागसंग सम्बन्धित :

1= हाजिरी विवरण :

अवस्था : हाजिरी रजिष्टरमा मासिक हाजिरी भएको कुल दिन, विदा बसेको दिन, अघिल्लो वर्षको विदा विवरण अधावधिक नरहेको पाइयो

मापदण्ड : वित्तीय संस्थाको कर्मचारी सेवा विनियमावली २०७७ को परीच्छेद - ०४ बमोजिम हाजिरी नियमित र निर्धारीत समयमा कर्मचारी हाजिर भई विवरणहरु चुस्त राख्नुपर्ने व्यवस्था रहेको

निर्देशन/सुझाव : हाजिरी रजिष्टरमा आवश्यक सबै विवरणहरु अधावधिक गरी आगामि दिनमा निरन्तरता दिनुहुन ।

शाखा व्यवस्थापनको जवाफ : अधावधिक गरिएको साथै निरन्तरता दिदै जाने ।

2= फिल्ड रजिष्टर :

अवस्था : फिल्ड रजिष्टरमा निम्न अनुसारको कैफियत रहेको पाइयो ।

- फिल्ड रजिष्टर नियमित रहेको पाइयो । शाखा प्रमुखको पछिल्लो ४ महिनाको फिल्ड भ्रमण तपशिल बमोजिम रहेको पाइयो (फिल्ड रजिष्टर अनुसार)
- २०८२ कार्तिकमा १४ पटक, २०८२ आश्विनमा १३ पटक, २०८२ भाद्रमा १२ पटक, २०८२ श्रावनमा १७ पटक फिल्ड भ्रमण गरिएको पाइयो ।

सुझाव⁄निर्देशन : फिल्ड रजिष्टरमा फिल्ड भ्रमणमा जानुको उदेश्य, जानुपर्ने ठाउँ⁄कार्यक्षेत्र र कार्य सम्पादन गरी फर्किसकेपश्चात गरीएको कार्यहरुको स्पष्ट विवरण प्रस्ट हुने गरी उल्लेख गर्नुहुन, शाखा प्रमुखको फिल्ड भ्रमणलाई वृद्धि गर्नुहुन ।

शाखा व्यवस्थापनको जवाफ : सुधार गरिने , फिल्ड भ्रमणलाई वृद्धि गरी असुलीमा जोड दिइ

ने ।

3= कर्मचारी व्यक्तिगत फायल :

अवस्था : कर्मचारी व्यक्तिगत फायलमा निम्नअनुसारको कैफियतहरु रहेको पाइयो ।

१. शाखा प्रमुख श्री पार्वती गुरुङको कर्मचारी व्यक्तिगत फाइलमा पुलीस रीपोर्ट संलग्न नरहेको पाइयो ।

२.कर्मचारी श्री मनिषा कुमारी माझिको कर्मचारी व्यक्तिगत फाइमा पुलीस रीपोर्ट संलग्न नरहेको पाइयो ।

३.कर्मचारी श्री निशा कुमारी सरदारको कर्मचारी व्यक्तिगत फाइलमा पान नं. संलग्न नरहेको पाइयो ।

मापदण्ड : वित्तीय संस्थाको कर्मचारी सेवा विनियमावली- २०७७ को परीच्छेद- २ बमोजिम कर्मचारी नियुक्तिको लागि कुनै अपराधिक कार्यमा संलग्न नभएको, कार्य गर्न असमर्थ हुने कुनै रोग नलागेको, न्युनतम शैक्षीक योग्यता पुगेको, र पदपुर्ती समितीले तोक बमोजिम अन्य कागजात संलग्न गर्नुपर्ने साथै सोही परीच्छेदको बैयक्तित विवरण सम्बन्धिको व्यवस्था अनुसार कर्मचारी व्यक्तिगत विवरणमा तोकेबमोजिम कागजात आवश्यक पर्ने व्यवस्था रहेको छ साथै सोहि विनियमावलीको परिच्छेद- ६ को व्यक्तिगत अभिलेख तथा कार्यसम्पादन मुल्याङकन सम्बन्धि व्यवस्था को बुँदा नः ५७ (१) अनुसार प्रत्येक कर्मचारीको सबै विवरण सहित जनशक्ति विभागले अभिलेख राख्नुपर्ने व्यवस्था रहेको ।

सुझाव⁄निर्देशन : उल्लेखित विवरण, कागजात तत्काल अधावधिक गर्नुहुन । (जनशक्ति व्यवस्थापन विभागमा उक्त अभिलेख राख्नुपर्ने भएतापनि शाखा कार्यालयले विवरण अधावधिक गरी जनशक्ति व्यवस्थापन विभागमा पठाउने व्यवस्था गर्नुहुन वा अधावधिक रहेको भए जानकारी दिनुहुन ।

शाखा व्यवस्थापनको जवाफ : अधावधिक गरिएको ।

4= कर्मचारी बिदा रेकर्ड सम्बन्धमा

अवस्था : २०८२⁄०७⁄३० गते कर्मचारी विदा रजिष्टर जाँच गर्दा कर्मचारी विदा रेकर्ड अनुसार शाखामा कार्यरत कर्मचारीहरुको बाँकि विदाको विवरण निम्न अनुसार रहेको पाइयो ।

क्र.स.	कर्मचारीको नाम थर	पद	भैपरी विदा	विरामी विदा	घर विदा	कैफियत
१.	पार्वती गुरुङ	शाखा प्रमुख	१.५	४५	७०.९५	
२.	मनिषा कुमारी माझि	सहायक	२.५	३९	३७.२	
३.	निषा कुमारी सरदार	कनिष्ठ सहायक	३	५	९.६६	

मापदण्ड : वित्तीय संस्थाको कर्मचारी सेवा विनियमावलीको परिच्छेद- ४ को हाजिरी तथा विदा सम्बन्धि बुँदा नः ४१ (१) अनुसार कुनै पनि कर्मचारी बिदा नलिई कार्यालयमा अनुपस्थित हुन नपाइने र विदा

स्विकृत विना कार्यालयमा अनुपस्थित भएको अवस्थामा गयल भएको मानीने, साथै विदाको रेकर्ड कार्यालयमा स्पष्ट रुपमा राखि यथासंभव जनशक्ति व्यवस्थापन विभागमा पठाउनुपर्ने व्यवस्था रहेको छ । त्यस्तै केन्द्रीय कार्यालयको मिति २०८२/०४/१९ गतेको च.न.००२३ को पत्र अनुसार शाखामा कार्यरत फिल्ड कर्मचारीको शाखा प्रमुखले नै विदा स्विकृत गर्न सक्ने परीपत्र जारी भएकोले विदाको रेकर्ड नियमित रुपमा शाखा कार्यालयमा राख्नुपर्दछ ।

सुझाव/निर्देशन : शाखा कार्यालयमा कार्यरत कर्मचारीहरुको विदाको रेकर्डलाइ व्यवस्थित रुपमा राख्नुहुन ।

शाखाको व्यवस्थापनको जवाफ : व्यवस्थित रुपमा राखएको ।

5= निमित्त निवेदन पत्र सम्बन्धमा

अवस्था : शाखा प्रमुख विदामा रहँदा वा अन्य कुनै प्रयोजनको लागि कार्यालयभन्दा बाहिर जाने परिस्थिति मा वरिष्ठ कर्मचारीलाई निमित्त दिने गरेको भएतापनि निमित्त पत्रको छुट्टै फाइल नरहेको । निमित्त पत्र चलानी पत्रमा र कर्मचारी व्यक्तिगत फाइलमा राख्ने गरिएको ।

मापदण्ड : वित्तीय संस्थाको कर्मचारी सेवा विनियमावली, २०७७ को परिच्छेद-५ को सरुवा तथा वृत्ति विकास सम्बन्धि व्यवस्थाको बुँदा नः ५५ अनुसार शाखा प्रमुख कार्यालयभन्दा बाहिर जानुपर्ने अवस्था आएमा ७ दिनसम्म आफुभन्दा निकटतम् वा वरिष्ठ कर्मचारीलाइ जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको ।

सुझाव/निर्देशन : निमित्त निवेदन पत्रको छुट्टै फाइल बनाई रेकर्ड राख्नुहुन ।

शाखा व्यवस्थापनको जवाफ : निमित्त निवेदन पत्रको छुट्टै फाइल बनाई रेकर्ड राखीएको ।

6= कर्मचारी मूल्याङ्कन : पठाएको /नपठाएको

अवस्था : कर्मचारी मुल्याङकन हालको त्रैमासिक मूल्याङकन (२०८२ श्रावण देखि २०८२ आश्विन) सम्मको समयमा नपठाइएको पाइयो । यसअघिको कर्मचारी मुल्याङकन समयमै पठाई शाखामा रेकर्ड रहेको पाइयो ।

मापदण्ड : वित्तीय संस्थाको कर्मचारी सेवा विनियमावली- २०७७ को परीच्छेद- ६ को कर्मचारी अभिलेख तथा कार्य सम्पादन मुल्याङकन सम्बन्धि व्यवस्था को बुँदा नः ५९ अनुसार र केन्द्रीय कार्यालयको मिति २०८१।०१।०३ गतेको च.न.०९२३ को पत्र अनुसार कर्मचारीको त्रैमासिक, र वार्षिक रुपमा कार्यसम्पादन मुल्याङकन गर्नुपर्ने/पठाउनुपर्ने व्यवस्था रहेको छ ।

सुझाव/निर्देशन : कर्मचारिको कार्य सम्पादन ,दक्षताको विकास लगायत विषयवस्तुहरु कस्तो रहेको भन्ने मापन गर्ने माध्यम कर्मचारि मुल्याङकन रहेकोले कर्मचारिको समयमै मुल्याङन गरि सम्वन्धित विभागमा पठाउनुपर्दछ । कर्मचारि मुल्याङकको माध्यमवाट कर्मचारिको वृत्ति विकासको आधार पनि तय हुने हुँदा समयमा कर्मचारिको मुल्याङकन नभएमा वृत्ति विकासमा पनि असर गर्दछ । यसर्थ कर्मचारि मुल्याङकन त्रैमासिक ,अर्धवार्षिक र वार्षिक रुपमा नियमित गर्नुहुन र सोको रेकर्ड राख्नुहुन ।

शाखाको व्यवस्थापनको जवाफ : कर्मचारि मुल्याङकन त्रैमासिक ,अर्धवार्षिक र वार्षिक रुपमा नियमित गरी सोको रेकर्ड राखीएको ।

7= साप्ताहिक/मासिक कर्मचारी बैठक :

अवस्था : मिति २०८१ श्रावण देखी मिति २०८२ भाद्र सम्मको कर्मचारी मासिक बैठक निम्ननुसार रहेको छ ।

क.स.	वैठक न :	महिना	बस्नु पर्ने	बसेको	फरक	कैफियत
1.	०१	श्रावण (२०८१)	१	१	०	
2.	०२	भाद्र (२०८१)	१	१	०	
3.	०३	असोज (२०८१)	१	१	०	
4.	०४	कार्तिक (२०८१)	१	१	०	

क.स.	बैठक न :	महिना	बस्नु पर्ने	बसेको	फरक	कैफियत
5.	०५ र ०६	मंसिर (२०८१)	१	२	०	
6.	०७	पौष (२०८१)	१	१	०	
7.	०८	माघ (२०८१)	१	१	०	
8.	०९,१०	फाल्गुन (२०८१)	१	१	०	
9.		चैत्र (२०८१)	१	०	१	चैत्र महिनामा कर्मचारी बैठक नबसेको ।
10.	१०	बैशाख (२०८२)	१	१	०	यस अघिको बैठक न १० रहेता पनि पुन : यस बैठक न पनि १० नै राखिएको पाइयो ।
	११	बैशाख (२०८२)		१		
11.	१२	जेष्ठ (२०८२)	१	१	०	
12.	१३	असाढ (२०८२)	१	१	०	
13.	०१	श्रावण (२०८२)	१	१	०	
14.	०२	भाद्र (२०८२)	१	१	०	
15.	०३	आश्विन (२०८२)	१	१	०	
16.	०४,०५	कार्तिक (२०८२)	१	२	०	
17.	०६	मंसिर (२०८२)	१	१	०	

मापदण्ड : प्रत्येक आ.व.मा वार्षिक वजेट मासिक रुपमा लक्ष्य निर्धारण गरी निर्माण गरीएको हुन्छ । यसर्थ मासिक रुपमा कर्मचारी बैठक बसि लक्ष्य बमोजिम भएको प्रगति बारे समिक्षा आगामि महिनाको लक्ष्य निर्धारण साथै आवश्यकता अनुसार अन्य विभिन्न विषयवस्तुहरु समेटी कर्मचारी बैठक बसि निर्णय गर्नुपर्दछ ।

सुझाव/निर्देशन : कर्मचारी बैठकमा लक्ष्य तथा प्रगति बारे अङकगत छलफल गर्नुहुन, अघिल्लो बैठकमा भएको छलफल तथा निर्णयको कार्यान्वयनको अवस्थाको बारेमा छलफल र निर्णय गर्नुहुन साथै कर्मचारी बैठक नियमित रुपमा बस्नुहुन ।

शाखा व्यवस्थापनको जवाफ : माथि उल्लेखित सुझावहरुलाई मध्यनजर गर्दै कर्मचारी बैठकलाई निरन्तरता दिने प्रतिबद्धता जनाउदछु ।

8= निति नियम र विनियमावली विवरण फाइल

अवस्था : समुह शिक्षण निर्देशिका २०७६, बैकीक कसुर तथा सजाय ऐन, २०७४, कर्मचारी कर्जा सापट कार्यविधि २०७७ (पहिलो शंशोधन २०८१), कर्मचारी सेवा विनियमावली, २०७६, कार्य सञ्चालन निर्देशिका-२०७६, कर्जा तथा बचत निति-२०८१, कर्मचारी सरुवा निति आदी प्रिन्ट गरी राखिएको पाइयो ।
मापदण्ड : संस्थाको विभिन्न निति नियम, विनियमावली, नेपाल राष्ट्र बैंक को निर्देशनहरु लगायत व्यवस्थित गरी फाइलमा राख्नुपर्दछ ।
सुझाव/निर्देशन :

शाखा व्यवस्थापनको जवाफ :निरन्तरता दिइने ।

9= रमाना तथा बुझबुझारथ रेर्कड :

अवस्था : शाखा कार्यालयमा बुझबुझारथ सम्बन्धि रेकर्ड रहेको पाइयो । यधपि रमना पत्र भने सो फाइलमा संलग्न नभएको पाइयो ।
मापदण्ड : वित्तीय संस्थाको कर्मचारी सेवा विनियमावली-२०७७ को परिच्छेद- ५ को सरुवा तथा वृत्ति विकास सम्वन्धि व्यवस्थाको बुँदा न: ५१ अनुसार सरुवा भई जाने कर्मचारीको जिम्मा रहेको नगदि, जिन्सि वा कागजपत्र बुझाई सरुवा भएको स्थानमा रमाना पत्र लिई जानुपर्दछ, साथै राजिनामा दिइ जागिर

छाडेको अवस्थामा निजको जिम्मामा रहेको नगदि, जिन्सि र कागजपत्र को बुझबझारथ गरी सोको रेकर्ड राख्नुपर्ने प्रावधान रहेको छ ।

सुझाव/निर्देशन : बुझबुझारथ रेकर्ड फाइलमा राजिनामा दिएको कर्मचारीको हकमा बुझबुझारथ पत्र र सरुवा भई जाने कर्मचारीको हकमा बुझबुझारथ र रमना पत्र रेकर्ड अभिलेख राख्नुहुन ।

शाखा व्यवस्थापनको जवाफ : सोहि अनुसार अभिलेख राखिएको ।

10= कार्यालय आदेश रजिष्टर :

अवस्था : कार्यालय आदेश रजिष्टर नियमित रहेको पाइयो ।

मापदण्ड : केन्द्रीय कार्यालय, अनुगमन कार्यालय, कुनै विभागबाट विशेष रुपमा जारी भएको (नियमित भन्दा फरक) निर्देशनहरुको कार्यान्वयन गर्नको लागि शाखामा कार्यरत कर्मचारी को निर्णय गरी कार्यालय आदेश रजिष्टरमा रेकर्ड राख्नुपर्ने प्रावधान रहेको ।

सुझाव/निर्देशन : निरन्तरता दिनुहुन ।

शाखा व्यवस्थापनको जवाफ : : निरन्तरता दिइने ।

11= कर्मचारी आचरण, अनुशासन, बानी व्यवहार, Team Spirit :

अवस्था : सामान्यतया शाखामा कार्यरत कर्मचारीहरुको आचरण, अनुशासन, बानी व्यवहार राम्रो नै रहेको देखिन्छ ।

मापदण्ड : कर्मचारी सेवा विनियमावली-२०७७ को परिच्छेद- ८ मा कर्मचारी आचरण तथा अनुशाशन सम्बन्धि निम्न व्यवस्था रहेको छ :-

1. समय पालन र नियमितता (बुँदा नः७३)
2. अनुशाशन र आज्ञा पालन (बुँदा नः७४)
3. इमान्दारी (बुँदा नः७५)
4. व्यापार व्यवसाय (बुँदा नः७६)
5. गोपनियता (बुँदा नः७७)
6. राजनीति वा चुनावमा भाग (बुँदा नः७८)
7. प्रतिनीधित्व गर्नमा प्रतिबन्ध (बुँदा नः७९)
8. प्रदर्शन र हड्ताल गर्नमा प्रतिबन्ध (बुँदा नः८०)
9. सजायको भागि हुने (बुँदा नः८१) ।

साथै समय समयमा जारी भएको परीपत्रहरु, कार्य विवरणमा उल्लेख गरीएको शर्तहरु, नियमहरु पुर्ण रुपमा पालना गर्नुपर्ने प्रावधान रहेको ।

सुझाव/निर्देशन : कर्मचारी सेवा विनियमावली-२०७७ को परिच्छेद- ८ मा कर्मचारी आचरण तथा अनुशाशन सम्बन्धि भएको व्यवस्था पुर्ण रुपमा पालना गर्नुहुन, संस्थाले तोकेको कार्य विवरण, समय समयमा जारी भएका पत्र परीपत्रहरु, कर्मचारी अनुशाशन, कर्मचारीले पालना गर्नुपर्ने नियमहरु, तोकिएको जिम्मेवारी लाइ पुर्ण रुपमा पालना गर्नुहुन र शाखामा कार्यरत कर्मचारीहरु विचमा कार्य एकता मजवुत राख्नुहुन ।

शाखा व्यवस्थापनको जवाफ : शाखामा कार्यरत सम्पुर्ण कर्मचारीहरुले कर्मचारी सेवा विनियमावली-२०७७, परीपत्रहरु, कार्य विवरणमा उल्लेख गरीएको शर्तहरु, नियमहरु पुर्ण रुपमा पालना गर्ने प्रतिबद्धता जनाउदछु ।

12= समय समयमा जारी भएको निर्देशन, परिपत्र, नीति नियमको पालना भए नभएको :

अवस्था : लेखापरीक्षण दौरान देखिएका विभिन्न कैफियतहरु विश्लेषण गर्दा समग्रमा सुधारको प्रयास भएतापनि निर्देशन, परिपत्र र नीति नियमको पालना पुर्ण रुपमा भएको भने देखिदैन ।

मापदण्ड : समय समयमा जारी भएको निर्देशन, परिपत्र, नोति नियम पालना गर्नु प्रत्येक कर्मचारीको प्रमुख दायित्व रहन्छ ।

सुझाव/निर्देशन : समय समयमा जारि भएको ,निर्देशन ,परिपत्र ,नीति नियमलाइ प्रभावकारि कार्यान्वयन गर्नुहुन ।

शाखा व्यवस्थापनको जवाफ : समय समयमा जारि भएको ,निर्देशन ,परिपत्र ,नीति नियमलाइ प्रभावकारि कार्यान्वयन गर्ने प्रतिबद्धता जनाउदछु ।

13= कर्मचारी तालिम /आवश्यकता :

अवस्था : शाखामा कार्यरत फिल्ड कर्मचारीहरुलाई सामान्य विषयवस्तुहरु जस्तै कर्मचारी प्रतिज्ञा, केन्द्र सञ्चालन पद्धती, केन्द्र गठन प्रकृया, कर्जा असुलीका विभिन्न चरण तथा प्रकृयाहरु, संस्थाको कर्जा तथा बचत नीति अन्य नितिहरु, परिपत्रहरु, सिस्टममा प्रविष्टि लगायत विविध पक्षहरुमा कमजोर रहेको देखिन्छ । यसर्थ आवश्यकता अनुसार तालिमको व्यवस्था नभएको साथै कर्मचारीले लिएको तालिमको अभिलेख शाखा कार्यालयमा राख्नुपर्ने प्रावधान रहेको भएतापनि सोको अभिलेख नरहेको पाइयो । शाखा कार्यालयमा कार्यरत कर्मचारीलाइ निम्न बमोजिम तालिमको आवश्यकता रहेको देखिन्छ :

1.जोखिम व्यवस्थापन तथा गुणस्तरीय कर्जा लगानी सम्बन्धमा,

2.केन्द्र व्यवस्थापन, समुह केन्द्र निर्माण पद्धती लगायत सम्भावित ग्राहक छनौट सम्बन्धमा,

3.सिस्टम तथा आइटि सम्बन्धि,

4.लेखा सम्बन्धि ,

5.कर्मचारी आचरण तथा अनुशाशन सम्बन्धि,

6.संस्थाबाट जारी भएको विभिन्न परिपत्रहरु र नीति नियम सम्बन्धि आदी ।

मापदण्ड : नेपाल राष्ट्र बैङ्कको एकीकृत निर्देशन, २०८१ को निर्देशन नः ६/०८१ संस्थागत सुशासन सम्बन्धि व्यवस्था बुँदा नः ५ को कर्मचारी दक्षता अभिवृद्धि सम्बन्धमा उपबुँदा (ज) अनुसार संस्थाले कर्मचारीहरुलाई लघुवित्त कारोबारसँग सम्बन्धित तालिम प्रत्येक २ वर्षमा कम्तिमा एक पटक प्रदान गर्नु पर्नेछ । संस्थामा दक्ष जनशक्तिको विकास गर्नका लागि नयाँ भर्ना भएका कर्मचारीहरुलाई बैंक प्रवेश गरेको १ महिनाभित्र कम्तिमा दुई हप्ताको अभिमुखीकरण तालिम प्रदान गर्नुपर्नेछ भन्ने व्यवस्था रहेको साथै यस वित्तीय संस्थाको कर्मचारी तालिम तथा वृति विकास कोष सञ्चालन कार्यविधि -२०७६ अनुसार कर्मचारीलाइ आवश्यक पर्ने तालिमको माग भई शाखाबाट जनशक्ति विभागमा पठाईएमा तालिमको व्यवस्था हुने प्रावधान रहेको । त्यस्तै केन्द्रीय कार्यालबाट मिति २०७८।०२।०६ गते च.न.१३८३ को पत्र (परिपत्र नः ४५) अनुसारको फर्मेटमा शाखामा कार्यरत कर्मचारीले लिएको तालिमको अभिलेख राख्नुपर्ने र तालिममा भएको तथा सिकेको विषयवस्तु समेटि तालिममा सहभागि कर्मचारीले प्रतिवेदन तयार गरी अभिलेख राख्नुपर्ने प्रावधान रहेको छ ।

सुझाव/निर्देशन : कर्मचारिको कार्य दक्षता मजवुत भएमा मात्र संस्थाले लिएको लक्ष्य र उदेश्य पुरा हुन्छ । समय संमयमा निरन्तर तालिमहरु सञ्चालन भएमा कर्मचारिको क्षमता अभिवृद्धिमा सहयोग पुग्दछ । समय परिवर्तनशिल भएकाले समय अनुसार निति नियम ,सामाजिक परिवेश ,प्रविधिको विकास निरन्तर भैरहेको हुन्छ । तसर्थ कर्मचारिको क्षमता अभिद्धिको लागि कर्मचारि तालिमको आवश्यकता रहने हुँदा कर्मचारिलाइ आवश्यक तालिमको वारेमा तालिम तथा जनशक्ति विभागमा जानकारि गराई तालिमको प्रवन्ध गर्नुहुन । र तालिम लिएको भए सोको प्रतिवेदन र अभिलेख केन्द्रीय कार्यालबाट मिति २०७८।०२।०६ गते च.न.१३८३ को पत्र (परिपत्र नः ४५) अनुसार शाखा कार्यालयमा राख्नुहुन निर्देशन गरीएको छ ।

शाखा व्यवस्थापनको जवाफ : शाखामा कार्यरत फिल्ड कर्मचारीहरुलाई आवश्यकता अनुसार तालिम सञ्चालनका लागि केन्द्रीय कार्यालयलाई जानकारी गराउने ।

14= ग्राहक तालिम :

अवस्था : शाखा कार्यालयमा हालसम्म संचालनको भएको कुनै पनि ग्राहक तालिमको अभिलेख नरहेको पाइयो । यसर्थ तालिम सञ्चालन भए वा नभएको यकिन नभएको ।

विश्लेषण :सदस्यलाई संस्था स्थापना भए पश्चात हाल सम्म तालिमको उचित प्रवन्ध नगरिएको ।

सुझाव/निर्देशन :सदस्यलाइ उधमी तथा वित्तिय साक्षर गराउनु वित्तीय संस्थाको प्रमुख उदेश्य हो तसर्थ सदस्यको वित्तीय ज्ञान अभिवृद्धिको लागि वित्तिय साक्षरता तालिम, सदस्यलाइ उधमि तथा कजा सदुपयोगिता वृद्धिको लागि विविध व्यवसायमुलक सिप विकास तालिम , केन्द्र प्रमुख हरुको लागि वार्षिक केन्द्र प्रमुख गोष्ठि ,केन्द्रमा पुनर्ताजकि तालिमको आवश्यकता अनुसार गराउनुहुन (सम्बन्धित विभागमा समन्वय गरि) निर्देशन गरिएको छ ।

शाखाको व्यवस्थापनको जवाफ : शाखा कार्यालयमा हालसम्म संचालनको भएको कुनै पनि ग्राहक तालिमको नभएको हुनाले अभिलेख नरहेको जानकारी गराउदछु ।

15= परिपत्र फाइल सम्बन्धमा

अवस्था : शाखामा परिपत्र फाइल रहेको पाइयो । परिपत्र नः ६,७ र १३ फाइलमा नरहेको साथै मिति २०८१।०९।२८ गते सम्मको परिपत्र मात्र प्रिन्ट गरी राखिएको पाइयो ।

मापदण्ड : विभिन्न समयमा जारी भएका परिपत्रहरु बाट शाखाको कार्यहरु निर्दिष्ट रहन्छ । साथै केन्द्रीय कार्यालयको मिति २०७६/१०/१६ गतेको परिपत्र नः ७ (कार्य सञ्चालन विभाग) को निर्देशन अनुसार केन्द्रीय कार्यालयले जारी गरेका सबै परिपत्रहरु प्रिन्ट गरि सबै कर्मचारीहरुलाई अध्ययन गर्न लगाई परिपत्रको पछाडि व्यहोरा जानकारी भयो भन्ने व्यहोरा लेखि दस्तखत गराइ फाइलिङ गर्ने व्यवस्था गर्नुहुन भन्ने निर्देशन जारी भएको ।

निर्देशन/सुझाव : शाखा कार्यालयको कार्यहरु वित्तीय संस्थाबाट समय समयमा जारी भएको परिपत्रहरु मार्फत थप निर्देशित हुने भएकोले सबै कर्मचारीले परिपत्रहरुको अनिवार्य जानकारी राख्नुपर्दछ । परिपत्र सम्बन्धि छुट्टै फाइल बनाई राख्नाले रेकर्ड व्यवस्थित हुनुको साथै, आवश्यकता अनुसार पुनः अध्ययन गर्नको सहज हुने भएकोले सबै परिपत्रहरु अधावधिक गर्नुहुन ।

शाखा व्यवस्थापनको जवाफ : सबै परिपत्रहरु अधावधिक गरी राखीएको ।

ख) लेखा, योजना तथा अनुसन्धान विभाग

1= नगद/बैंक सिमा/सानो नगदी कोष :

नगद मौजदात र भल्ट वुक

नोटको बिबरण :

मिति २०८२।०८।१७ गतेको भल्ट मा भएको नोट विवरण मिति २०८२।०८।१८ गतेमा कार्यालयमा रहेको नगदको नोट विवरण जाँच गर्दा निम्न अनुसार रहेको पाइयो :

नोट	सख्या (वास्तविक)	रकम (रु.वास्तविक)	भल्ट वुक अनुसार संख्या	रकम (भल्ट वुक अनुसार)	संख्या (सफ्टवेर अनुसार)	रकम (सफ्टवेर अनुसार)	कैफियत
१०००							
५००							
१००							
५०							
२०							
१०							
५							
२							
१							
खुद्रा							
जम्मा							

मापदण्ड : भल्ट बुकमा रहेको नोट विवरण अनुसार नै कार्यालयमा रहेको नगदको नोट विवरण एउटै हुनुपर्ने, भल्ट बुकमा दैनिक कारोवार पश्चात बाँकि रहेको नगद शाखा प्रमुखले प्रमाणिकरण गरी भल्टमा सुरक्षीत रुपमा राख्नुपर्ने, भल्टको साँचो शाखा प्रमुख र लेखापाल संग हुनुपर्ने, भल्टमा नगद सुरक्षीत साथ राखे पश्चात अर्को दिनको कारोवार सुरु भएपश्चात मात्र भल्टमा रहेको नगद प्रयोग गर्न सकिने प्रावधान रहेको ।

सुझाव/निर्देशन : भल्टमा रहेको नोट विवरण र कार्यालयमा रहेको नगदको नोट विवरण एउटै हुने गरी व्यवस्थापन गर्नुहुन, भल्ट बुकमा दैनिक कारोवार पश्चात बाँकि रहेको रकम शाखा प्रमुखको प्रमाणीत गरी राख्नुहुन, भल्टको प्रर्याप्त सुरक्षामा ध्यान पुर्याउनुहुन ।

शाखा व्यवस्थापनको जवाफ : तोकिएको मापदण्ड अनुसार कार्यलाई निरन्तरता दिइने ।

2= बैंक सिमा :

अवस्था : मिति २०८१।०७।०१ देखि मिति २०८२।०६।३१ गते सम्मको बैंक मौज्दात रकम सिस्टमबाट जाँच गर्दा निम्न मितिमा बैंकमा अधिक रकम मौज्दात रहेको पाइयो :

१.सिटिजन्स बैंक लि.

तपशिल :

मिति	रकम	कैफियत	शाख
2082/03/06	1748496.28	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी र बचत फिर्तालाइ ब्यबस्थापन गर्नुपर्ने भएको हुनाले
2082/03/13	1723206.28	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी ब्यबस्थापन गर्नुपर्ने भएको हुनाले
2082/03/15	1698706.28	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी ब्यबस्थापन गर्नुपर्ने भएको हुनाले
2082/03/15	1675636.28	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी ब्यबस्थापन गर्नुपर्ने भएको हुनाले
2082/05/15	1567567.70	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी र बचत फिर्तालाइ ब्यबस्थापन गर्नुपर्ने भएको हुनाले
2082/05/15	1547567.70	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी ब्यबस्थापन गर्नुपर्ने भएको हुनाले
2082/03/15	1518706.28	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी ब्यबस्थापन गर्नुपर्ने भएको हुनाले
2082/05/15	1507567.70	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी ब्यबस्थापन गर्नुपर्ने भएको हुनाले
2082/03/12	1495706.28	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी ब्यबस्थापन गर्नुपर्ने भएको हुनाले
2082/05/13	1449067.70	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी ब्यबस्थापन गर्नुपर्ने भएको हुनाले
2082/03/11	1444706.28	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी र बचत फिर्तालाइ ब्यबस्थापन गर्नुपर्ने भएको हुनाले
2081/11/15	1386249.19	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी र बचत फिर्तालाइ ब्यबस्थापन गर्नुपर्ने भएको हुनाले
2082/03/09	1378496.28	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी ब्यबस्थापन गर्नुपर्ने भएको हुनाले
2082/02/14.	1372388.28	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी ब्यबस्थापन गर्नुपर्ने भएको हुनाले
2082/05/16	1350617.70	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी ब्यबस्थापन गर्नुपर्ने भएको हुनाले
2082/02/28	1345498.28	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी ब्यबस्थापन गर्नुपर्ने भएको हुनाले
2082/02/13	1320508.28	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी ब्यबस्थापन गर्नुपर्ने भएको हुनाले
2081/11/13	1312619.19	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी ब्यबस्थापन गर्नुपर्ने भएको हुनाले
2082/03/05	1311826.28	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी ब्यबस्थापन गर्नुपर्ने भएको हुनाले
2082/02/27	1264998.28	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी ब्यबस्थापन गर्नुपर्ने भएको हुनाले
2082/02/25	1261098.28	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी ब्यबस्थापन गर्नुपर्ने भएको हुनाले
2082/02/28	1259998.28	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी ब्यबस्थापन गर्नुपर्ने भएको हुनाले
2082/02/27	1256098.28	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी ब्यबस्थापन गर्नुपर्ने भएको हुनाले
2081/11/09	1253179.19	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी ब्यबस्थापन गर्नुपर्ने भएको हुनाले
2082/02/27	1244098.28	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी ब्यबस्थापन गर्नुपर्ने भएको हुनाले
2082/05/20	1238167.70	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी र बचत फिर्तालाइ ब्यबस्थापन गर्नुपर्ने भएको हुनाले
2082/03/10	1232116.28	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी र बचत फिर्तालाइ ब्यबस्थापन गर्नुपर्ने भएको हुनाले
2081/11/18	1231149.19	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी ब्यबस्थापन गर्नुपर्ने भएको हुनाले

मिति	रकम	कैफियत	शाख
2081/11/11	1229179.19	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी व्यवस्थापन गर्नुपर्ने भएको हुनाले
2082/04/27	1223767.70	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी व्यवस्थापन गर्नुपर्ने भएको हुनाले
2082/02/23	1213498.28	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी व्यवस्थापन गर्नुपर्ने भएको हुनाले
2082/05/19	1204267.70	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी व्यवस्थापन गर्नुपर्ने भएको हुनाले
2082/02/06	1197241.28	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी व्यवस्थापन गर्नुपर्ने भएको हुनाले
2082/02/07	1189241.28	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी व्यवस्थापन गर्नुपर्ने भएको हुनाले
2082/02/07	1187241.28	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी व्यवस्थापन गर्नुपर्ने भएको हुनाले
2082/02/22	1182268.28	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी व्यवस्थापन गर्नुपर्ने भएको हुनाले
2082/02/07	1181548.28	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी व्यवस्थापन गर्नुपर्ने भएको हुनाले
2082/02/07	1177548.28	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी व्यवस्थापन गर्नुपर्ने भएको हुनाले
2082/02/09	1170498.28	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी व्यवस्थापन गर्नुपर्ने भएको हुनाले
2081/11/08	1162899.19	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी व्यवस्थापन गर्नुपर्ने भएको हुनाले
2082/04/09	1159637.70	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी व्यवस्थापन गर्नुपर्ने भएको हुनाले
2081/11/15	1156249.19	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी व्यवस्थापन गर्नुपर्ने भएको हुनाले
2081/08/10	1155045.38	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी व्यवस्थापन गर्नुपर्ने भएको हुनाले
2082/02/12	1150498.28	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी व्यवस्थापन गर्नुपर्ने भएको हुनाले
2082/02/21	1136668.28	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी व्यवस्थापन गर्नुपर्ने भएको हुनाले
2082/04/11	1132637.70	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी व्यवस्थापन गर्नुपर्ने भएको हुनाले
2082/02/18	1128738.28	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी व्यवस्थापन गर्नुपर्ने भएको हुनाले
2082/02/07	1126368.28	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी व्यवस्थापन गर्नुपर्ने भएको हुनाले
2082/05/18	1114267.70	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी व्यवस्थापन गर्नुपर्ने भएको हुनाले
2082/02/13	1112498.28	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी व्यवस्थापन गर्नुपर्ने भएको हुनाले
2082/05/17	1110617.70	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी व्यवस्थापन गर्नुपर्ने भएको हुनाले
2082/02/18	1105738.28	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी व्यवस्थापन गर्नुपर्ने भएको हुनाले
2082/04/11	1095637.70	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी व्यवस्थापन गर्नुपर्ने भएको हुनाले
2082/02/20	1094588.28	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी व्यवस्थापन गर्नुपर्ने भएको हुनाले
2081/11/11	1087599.19	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी व्यवस्थापन गर्नुपर्ने भएको हुनाले
2082/02/16	1074538.28	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी व्यवस्थापन गर्नुपर्ने भएको हुनाले
2081/08/10	1065045.38	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी व्यवस्थापन गर्नुपर्ने भएको हुनाले
2082/05/18	1062617.70	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी व्यवस्थापन गर्नुपर्ने भएको हुनाले
2082/02/18	1057738.28	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी व्यवस्थापन गर्नुपर्ने भएको हुनाले
2082/02/19	1052738.28	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी व्यवस्थापन गर्नुपर्ने भएको हुनाले
2082/02/19	1045088.28	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी व्यवस्थापन गर्नुपर्ने भएको हुनाले
2082/02/07	1037548.28	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी व्यवस्थापन गर्नुपर्ने भएको हुनाले
2081/08/06	1036805.38	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी व्यवस्थापन गर्नुपर्ने भएको हुनाले
2082/06/07	1031578.70	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी व्यवस्थापन गर्नुपर्ने भएको हुनाले
2082/05/15	1027567.70	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी व्यवस्थापन गर्नुपर्ने भएको हुनाले
2081/08/06	1027305.38	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी व्यवस्थापन गर्नुपर्ने भएको हुनाले
2081/08/06	1027305.38	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी व्यवस्थापन गर्नुपर्ने भएको हुनाले
2081/08/06	1017805.38	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी व्यवस्थापन गर्नुपर्ने भएको हुनाले
2082/05/18	1017617.70	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी व्यवस्थापन गर्नुपर्ने भएको हुनाले
2082/05/19	1014267.70	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी व्यवस्थापन गर्नुपर्ने भएको हुनाले
2082/06/05	1013405.70	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी व्यवस्थापन गर्नुपर्ने भएको हुनाले
2081/08/07	1008305.38	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी व्यवस्थापन गर्नुपर्ने भएको हुनाले
2082/06/08	1004578.70	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी व्यवस्थापन गर्नुपर्ने भएको हुनाले

२. मेगा बैंक लि.

तपशिल :

	रकम	कैफियत	शाखाको प्रतिउतर
2082/01/15	1582502.14	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी ब्यबस्थापन गर्नुपर्ने भएको हुनाले
2081/07/11	1180472.05	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी ब्यबस्थापन गर्नुपर्ने भएको हुनाले
2081/07/11	1159972.05	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी ब्यबस्थापन गर्नुपर्ने भएको हुनाले
2082/01/15	1117502.14	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी ब्यबस्थापन गर्नुपर्ने भएको हुनाले
2081/07/09	1022982.05	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी ब्यबस्थापन गर्नुपर्ने भएको हुनाले
2081/09/17	1002446.05	बैंक खातामा अधिक रकम रहेको पाईयो ।	लगानी ब्यबस्थापन गर्नुपर्ने भएको हुनाले

सुझाव/निर्देशन : बैंक खातामा अधिक रकम राख्दा सञ्चालन खर्चको वृद्धि भई शाखाको नोक्सान वृद्धिमा प्रत्यक्ष असर पार्दछ, यसर्थ बैंक खातामा नगद सकेसम्म कम राख्ने व्यवस्था कार्यान्यन गर्नुहुन र विभिन्न प्रयोजनमा बैंकमा नगद अधिक राख्नुपर्ने अवस्था रहेको अवस्थामा सम्वन्धित विभागमा जानकारी दिइ प्रभावकारी व्यवस्थापन गर्नुहुन ।

शाखा व्यवस्थापनको जवाफ :शाखाको आवश्यकता अनुसार बैंक खातामा नगद व्यवस्थापन गदैजाने प्रतिबद्धता जनाउदछु ।

3= नगद सिमा :

अवस्था : विगत १ वर्षको विबरण अनुसार नगद सिमा भित्र नै रहेको देखिन्छ । नगद सिमा बाहेक भल्ट बुकमा निम्न बमोजिम कैफियत रहेको पाइयो ।

- **२०८२/०८/०३ गतेको भल्टमा रहेको रकम अङकमा रुं २१,२००।- रहेको यधपि अक्षरुपि विवरणमा एक्काइस हजार मात्र उल्लेख गरिएको पाइयो ।**

मापदण्ड : वित्तीय संस्थाको नगद कारोवार तथा व्यवस्थापन कार्यविधि २०७६ को बुँदा नः २ को च र झ को व्यवस्था अनुसार प्रथमत नगद कारोवार बैंकिङ समय भित्रै गरीसक्नुपर्दछ र कार्यालयमा नगद शुन्य राख्नुपर्दछ यदि कार्यालयमा नगद रहने अवस्था रहेमा वा सिमा भन्दा अधिक रकम रहने अवस्था भएमा शाखा प्रमुख र लेखापालको संयुक्त नियन्त्रणमा रहने गरी भल्टमा नगद सुरक्षीत साथ राखि सम्वन्धित विभागमा नगद रहेको र रहनुको कारणबारे जानकारी गराउनुपर्दछ ।
सुझाव/निर्देशन : दैनीक कारोवार पश्चात कार्यालयमा सकेसम्म नगद शुन्य रहने गरी व्यवस्थापन गर्नुहुन, सिमा भन्दा अधिक नगद रहने अवस्था भएमा सुरक्षीत साथ नगद राखि सम्वन्धित विभागमा जानकारी गराउने प्रावधान पुर्ण रुपमा कार्यान्वयन गर्नुहुन निर्देशन गरीएको छ ।

शाखा व्यवस्थापनको जवाफ : अधावधिक गरि राखिएको ।

4= सानो नगदी कोष :

अवस्था : सानो नगदि कोष जाँच गर्दा निम्न बमोजिम अवस्था रहेको पाइयो :-

➢ नियमित रहेको पाइयो ।

मापदण्ड : यस वित्तीय संस्थाको आर्थिक प्रशाशन विनियमावली २०७६ को परिच्छेद- ३ को बुँदा नः ६ अनुसार सानो नगदि कोष संचालन गर्ने कर्मचारीले प्रत्येक महिनामा खर्चको विवरण पेश गर्नुपर्ने, विवरणहरु पुर्ण र प्रमाणीत गरि सोहि अनुसार सानो नगदि कोषमा रहेको पेश्कि रकम फछ्यौट गर्नुपर्दछ ।
सुझाव/निर्देशन : सानो नगदि कोषमा बाट खर्च भएको विवरण जुन दिनमा खर्च हुन्छ सोहि दिनमा रजिष्टरमा अधावधिक गरी महिनाको अन्तिममा अनिवार्य रुपमा फछ्यौट गर्नुहुन र नियमित, प्रमाणीत र अधावधिक गर्नुहुन ।

शाखा व्यवस्थापनको जवाफ : निरन्तरता दिइने ।

5= नगद आय व्यय रजिष्टर सम्बन्धमा :

अवस्था : नगद आय व्यय रजिष्टर चेक जाँच गर्दा तपशिल बमोजिम कैफियत रहेको पाईयो ।

- **२०८२।०८।१६ र १७ गतेमा प्रमाणीत वा नगद बुझ्ने शाखा प्रमुखको दस्तखत नरहेको ।**

मापदण्ड : नगद कारोबार र सोको अभिलेख शुद्ध र स्पष्ट हुने गरी अभिलेख राख्नुपर्दछ ।

सुझाव/निर्देशन : दैनीक नगद कारोबार अस्पस्ट र अशुद्ध भएमा दोहोरो अर्थ लाग्ने र थप दुविधा सिर्जना हुन गई भविष्यमा जटिलता सिर्जना हुन सक्ने भएकोले हाल रहेको कैफियतहरु सुधार गरी आगामि दिनमा यस्तो किसिमका कैफियतहरु पुन : नदोहोरीने गरी कार्य गर्नुहुन निर्देशन गरीएको छ ।

शाखा व्यवस्थापनको जवाफ : अधावधिक गरि राखिएको ।

6= बजेट फाइल :

अवस्था : शाखा कार्यालयमा वजेटको फाइल रहेको ।

सुझाव/निर्देशन : निरन्तरता दिनुहुन ।

शाखा व्यवस्थापनको जवाफ : निरन्तरता दिइने ।

7= नगदी रसिद अवस्था :

अवस्था : नगदि रसिदको रेकर्ड राखिएको, कर्मचारीलाइ नगदि रसिद नः अनुसार जिम्मा दिइएको पाइयो । हाल प्रयोगमा रहेको नगदि रसिदमा ठेलीमा रहने रसिदमा विवरण प्रायः नबुझिने अवस्थामा रहेको पाइयो ।

सुझाव/निर्देशन : नगदि रसिद प्राप्त भई सके पश्चात र कुन कुन कर्मचारीलाइ रसिद नः कति देखि कति सम्म जिम्मा दिइएको हो सो विवरण रजिष्टरमा नियमित अधावधिक गर्नुहुन र सकिएको नगदि रसिदको ठेली सुरक्षीत रुपमा राख्नुहुन । साथै नगदि रसिदको ठेलीमा बाँकि रहने रसिदमा रहेको विवरणहरु स्पष्ट रहने गरी रसिद प्रयोग गर्नुहुन ।

शाखा व्यवस्थापनको जवाफ : सुधारात्मक रुपमा निरन्तरता दिइने ।

8= **बैंक खाता भिडान सम्बन्धमा :-**

अवस्था : २०८२ कार्तिक मसान्तको बैंक स्टेटमेन्ट संग सिस्टममा रहेको बैंक मौज्दात भिडान गर्दा निम्न बमोजिम अवस्था रहेको पाइयो ।

बैंक को नाम	खाता नम्बर	Statement मा	सिस्टममा Balance	कैफियत
citizens Bank	१८७०१०००१०७०२०१	६६६६९२.१८/-	६६६६९२.१८/-	
prime commerrcial bank	०८७०१ ०००००००००१००८७०	३४९९३९.४७/-	३५०१३९.८८/-	Rs.200.41/- बैंक स्टेटमेन्ट भन्दा सिस्टममा फरक रहेको पाइयो । (बढि)
Total Balance				

मापदण्ड : लेखा नीति, २०७८ को परिच्छेद- ९ को बुँदा नः ३७ को उपबुँदा २ अनुसार यस वित्तीय संस्थाको अन्य बैंक तथा वित्तीय संस्थामा रहेको खाता/हिसाबको बैंक हिसाव भिडान नियमित रुपमा गर्नुपर्नेछ । साथै Bank Reconcilation Statement तयार गर्नुपर्नेछ भन्ने व्यवस्था रहेको ।

सुझाव/निर्देशन : मासिक रुपमा अनिवार्य खाता सञ्चालन रहेको बैंकवाट स्टेटमेन्ट ल्याई सिस्टमसग भिडान गरी बैंक रिकन्सिलेसन स्टेटमेन्ट तयार गरी अनुगमन कार्यालय र केन्द्रीय कार्यालमा समेत

पठाउनुहुन र शाखामा छुट्टै फाइल बनाई अभिलेख राख्नुहुन । शाखाको खाता रहेको प्राइम कमर्सियल बैंकमा रकम भिडान नभएकोले के कारणले भिडान नभएको हो बैंक स्टेटमेन्ट पुनः एकिन गरि जानकारी गराउनुहुन ।

शाखा व्यवस्थापनको जवाफ : गल्तिबस सिस्टममा Rs.200.41/- इन्ट्री भएको हुनाले फरक रकमको भौचर सुधार गरी मिलान गरिएको ।

9= मार्गस्थ रजिष्टर :

अवस्था : बैंक मार्गस्थ रजिष्टर जाँच गर्दा निम्न बमोजिम अवस्था रहेको पाइयो :

- नियमित रहेको ।

